## उद्धारकर्ता, घाईते एवं नागरिक समाज र सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने महामारीजन्य रोग रोकथामहरुको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७२/०१/१७ गते अपरान्ह १ बजेसम्म गरेको कार्य देहाय बमोजिम रहेको कुरा सबैको जानकारीको लागि प्रेषित गरिन्छ।

१. अन्तराष्ट्रिय उद्धारकर्मी तथा उपचार टोलीहरु सेवा दिईरहेको स्थानहरु :

- मिति २०७२/०१/१६ गतेसम्म भुकम्प प्रभावित विभिन्न क्षेत्रहरुमा २३ वटा राष्ट्रिय अन्तरराष्ट्रिय मेडिकल टीमहरु परिचालन भैसकेको छ । यसका अतिरिक्त आजबाट थप तपसिल अनुसारका मेडिकल टीमहरु परिचालन गरिएको छ ।
- MERT Thailand Medical Team द्वारा सिन्धुपाल्चोकमा अस्पतालको ब्यवस्था गरी सेवा सुरु गरेको ।
- Franc Medical Team (MSF) द्वारा भक्तपुरमा घाईतेलाई सहयोग भएको ।
- Kanisz Usan Hungary Medical Team द्वारा ललितपुरमा सहयोग गर्ने ।
- Global Outreach Doctors USA Medical Team द्वारा धादिङमा सहयोग गर्ने ।
- Thesohaniter International Medical Team Germany द्वारा काभ्रेमा सहयोग गर्ने ।
- भुकम्प प्रभावित क्षेत्रहरुको Risk surveillance को लागि WHO को १२ वटा Medical surveillance officer हरु खटाईको छ ।
- काठमाण्डौं मेडिकल कलेजले नि:शुल्क रुपमा घाइतेहरुको उपचार र खानाको प्रवन्ध गरेको छ ।
- काठमाण्डौं मेडिकल कलेज पूर्ण रुपमा सञ्चालनमा आएको र मिति २०७२ बैशाख १८ बाट १५ जनाको मेडिकल टीम सिन्धुपाल्चोक चौतारामा पठाउने प्रवन्ध मिलाएको छ ।

२.उपकरण र औषधि पठाईएको स्थानहरु

- २०७२।१।१६ गतेसम्म उपकरण र औषधि पठाएको अतिरिक्त आज अक्सिजन ग्याँसको सिलिण्डर सर्बसुलभ रुपमा उपलब्ध गराईएको छ । यदि अक्सिजन ग्याँस चाहिएमा तपसिलका नम्बरमा सम्पर्क राख्न सकिनेछ ।
  - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : फोन नः ४२५४२२०
  - स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्र : ४२५०८४५, ४२५०८४२

३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

- मिति २०७२/०१/१ ६गतेसम्म उपचार पाएका घाईते तथा विरामीको संख्या
  - जम्मा उपचार पाएको संख्या : १२०८३
- आज मिति २०७२/०१/१७ गते १ बजेसम्म उपचार पाएका घाईते तथा विरामीको संख्या
  - –धादिङ ३४८ — सिन्धुपाल्चोक १२००
  - दोलखा ११६ — नुवाकोट २५३०
  - मकवानपुर ४३८ — निजामती अस्पताल २२००
  - भक्तपुर ४१६
- काठमाण्डौं उपत्यकाका खुला शिविरमा परिक्षण गरिएको घाईते तथा विरामीको संख्या ३००० भन्दा बढी ।

४.महामारी रोकथामका लागि गरिएको प्रयासहरु

- राष्ट्रिय दैनिक पत्रिकाहरुको अगाडीको पृष्ठमा रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि सन्देशहरु प्रकाशन गरिएको ।
- रेडियो नेपालबाट रोग रोकथाम तथा नियन्त्रण सुम्वन्धि सन्देश प्रसारण गरिएको ।
- प्रभावित सवै जिल्लाका एफ.एम. हरुवाट रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि सन्देश प्रसारण गरिएको ।
- नेपाल टेलिभिजन र सबै प्राईभेट टेलिभिजनबाट रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि सन्देश प्रशारण गर्ने ।
- पोस्टर, फलेक्स र होर्डिङ बोर्ड उत्पादन गरी सबै प्रभावित क्षेत्रमा वितरण गर्ने ।
- नगरपालिकाहरुलाई मोबाईल चर्पी र सरसफाई व्यवस्थापनको लागि अनुरोध गरिएको ।
- काठमाण्डौंको १३ वटा क्याम्पहरुमा र ललितपूरको ५ वटा क्याम्पमा हेल्थ डेस्क स्थापना गरी स्वास्थ्य उपचार तथा जनचेतना अभिवृद्धि गरेको ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रवक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय